कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
**डीनको कार्यालय**
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
**Faculty of Agriculture**
**Office of the Dean**
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: २०७५/११/०२

## सूचना

शैक्षिक सत्र २०७५/०७६ का लागि यस संकाय अन्तर्गत कृषि संकाय, रामपुर; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर–कास्की; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट, सिन्धुली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर, कैलाली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाख्रीबास, धनकुटा र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, बर्दीबास, महोत्तरीमा कृषि स्नातक (B. Sc. Ag.) तहमा अध्ययनको लागि मिति २०७५/०९/१४ गतेका दिन लिईएको प्रवेश परीक्षामा संलग्न भई उत्तीर्ण भएका विद्यार्थीहरु मध्येबाट योग्यताक्रम (Merit List) र आवेदकले आवेदन फारममा भरेको प्राथमिकताको आधारमा स्थानिय कोटाको लागि नामवाली प्रकाशित गरिएको छ । यस नामवलीमा परेका विद्यार्थीहरुले मिति २०७५ फाल्गुन ५ गते देखि मिति २०७५ फाल्गुन ८ गते सम्म कार्यालय समय (दिनको ५.०० बजे) भित्र भर्ना भैसक्नु पर्नेछ । साथै भर्ना हून आउंदा आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र मूल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) हरुका सक्कलै प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ । साथै विद्यार्थीहरुले भर्ना गर्न आउदा पहिलो किस्ता वापतको रु. १,००,००० र भर्ना शुल्क रु. ४,३३० गरी जम्मा रु. १,०४,३३० (अक्षेरुपि रु. एक लाख चार हजार तीन सय तीस मात्र ।) नेपाल बैंक लिमिटेड रामपुर कृषि सँकायको नाममा रहेको चल्ति खाता नं ०८५०१००११९९६१४००००01 मा जम्मा गरी सो को सक्कल भौचर भर्नाको समयमा बूझाउनु पर्नेछ ।

भर्नाको लागि निकालिएको स्थानिय कोटाको लिस्ट यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ । परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ ।

........................
प्रा. जय प्रकाश दत्त
डीन
कृषि संकाय, रामपुर, चितवन ।